थप जानकारी निम्न स्रोतहरूबाट उपलब्ध छन्:

### स्कटल्यान्डमा शिक्षा बारे मातापिताका लागि निर्देशन
www.educationscotland.gov.uk/parentzone

### CfE प्राथमिक चरणका लागि मातापिता/स्याहारकर्ताहरूका लागि पर्चा
www.educationscotland.gov.uk/Images/PrimaryLeaflet_web_tcm4-580239.pdf

### तीन मातापिता/स्याहारकर्ताका लागि जन्म-पूर्व पर्चा
www.educationscotland.gov.uk/Images/PreBirthtoThreeParentLeaflet_tcm4-674658.pdf

### स्कटल्यान्डमा अध्ययनको ठूलो अवसर
www.educationscotland.gov.uk/resources/g/genericresource_tcm4814173.asp?strReferringChannel=educationscotland&strReferringPageID=tcm:4-713590-64

### तथ्य फाइलहरू र संक्षिप्त निर्देशनहरू
www.educationscotland.gov.uk/learningteachingandassessment/partnerships/engagingparents/toolkit/materials/factfiles.asp

### नयाँ योग्यताहरू सम्बन्धी जानकारी
www.sqa.org.uk/sqa/59033.html

### कामको दुनिया
www.skillsdevelopmentscotland.co.uk

### अतिरिक्त सहायता आवश्यकताहरू
www.enquire.org.uk



### शाही क्यालेडोनियन शिक्षा ट्रस्ट (The Royal Caledonian Education Trust)
www.rcet.org.uk

### MoD को बालख शिक्षा परामर्श सेवा (MoD's Children's Education Advisory Service (CEAS))
हेल्पलाइन: 01980 618244
ईमेल: enquiries@ceas.uk.com



# आफ्नो बच्चालाई तपाईंले नै सबैभन्दा राम्ररी जान्नुहुन्छ

## *आफ्नो बच्चालाई उसको स्कूलबाट सर्वोत्तम सहायता हासिल गर्नमा मद्दत गर्नुहोस्*

**स्कटल्यान्डमा** सम्पर्कको पहिलो स्थल स्कूल हो।

प्रत्येक स्थानीय प्राधिकरणमा एकजना मनोनित व्यक्ति हुनेछ जो शिक्षा र सशस्त्र सेनाका परिवारहरूको ध्यान राख्न र सहायता गर्नका लागि जिम्मेबार हुन्छ।

यो पुस्तिका स्कटल्यान्डमा शिक्षा निर्देशकहरूको संगठन (Association of Directors of Education in Scotland) का लागि ADES राष्ट्रीय संक्रमण अधिकृत (National Transitions Officer) द्वारा तयार पारिएको हो। रक्षा मन्त्रालयको शिक्षा कोष सहायताबाट प्रदत्त वित्तद्वारा अघि बढाइएका परियोजनाहरू र कार्यका लागि जिम्मेबार स्थानीय अधिकृतहरू र ADES सशस्त्र सेना परियोजना समन्वयकहरूको व्यवसायी समूहलाई (ADES Armed Forces Project Co-ordinators Group of practitioners) प्रतिनिधित्व गर्ने मनोनित शिक्षा अधिकृतहरूको ADES सशस्त्र सेना कार्य समूहको (ADES Armed Forces Working Group of nominated Education Officers) सहयोगमा यो विकसित गरिएको हो। यसलाई मातापिताहरू, सहायता सेवाहरू, तेस्रो क्षेत्र साझेदारहरू, शाही क्यालेडोनियन शिक्षा ट्रस्ट (Royal Caledonian Education Trust) र शिक्षा स्कटल्यान्डको (Education Scotland) समर्थन प्राप्त छ।

*स्कटिश स्कूलहरूमा सशस्त्र सेना परिवारहरूका बच्चा एवं युवाहरूका लागि राष्ट्रीय संक्रमण अधिकृत (National Transitions Officer for Children and Young People of Armed Forces families in Scottish schools)* ***क्यारोलिन म्याकलेओड (Carolyn MacLeod)****, ईमेल: nationaltransitionsofficerades@gmail.com*

**A · D · E · S**
Association of Directors of Education in Scotland



Photograph courtesy of Malcolm Cochrane

स्कटिश स्कूलहरूमा सशस्त्र सेना परिवारहरूका बच्चा एवं युवाहरू

# हाम्रा स्कूलहरूमा तपाईंका बच्चाहरूलाई सहायता गर्नमा हामीलाई मद्दत गर्नुहोस्

सशस्त्र सेना **(नियमित, आरक्षित र सेवानिवृत्तहरू)** भित्रका मातापिताहरू/स्याहारकर्ताहरूलाई, उनीहरूको सेवा स्थितिबारे उनीहरूका बच्चाहरूको स्कूलको प्रधानाध्यपकलाई अवगत गराउने कुरा सुनिश्चित गर्न प्रोत्साहित गरिन्छ जसबाट स्कूलले सहायता चाहिएको खण्डमा जानकारी उपलब्ध गराउन साझेदारीका साथ काम गर्न सकोस्।

## यो किन महत्वपूर्ण छ?

सबै बच्चाहरूको स्वास्थ्य र कल्याण स्कटल्यान्डमा शिक्षाको प्रमुख केन्द्र बिन्दु हो। विद्यार्थीहरूलाई उनीहरूको क्षमता हासिल गर्ने दिशामा अध्ययन गर्न, प्रदर्शन गर्न र कार्य गर्न प्रोत्साहित गरिन्छ।

## स्कूलहरूलाई जानकारी हुनु जरूरी छ जसबाट तपाईंको परिवारको साझेदारीमा सहायता प्रदान गर्न सकियोस्।

सशस्त्र सेना परिवारहरूका बच्चा एवं युवाहरूले प्रायः आफ्ना जीवनमा कैयौँ प्रकारका परिवर्तनहरू अनुभव गर्दछन् जसको अर्थ के हो भने ती परिवर्तनहरूका प्रभावहरूलाई आत्मसात गर्नमा मद्दतका लागि उनीहरूलाई अतिरिक्त सहायता – अल्पावधिका लागि भएपनि – चाहिन सक्छ।

स्कूलद्वारा प्रदान गरिने सहायता निम्नसित सम्बन्धित हुन सक्छन् :

- ✔ ठाउँ सराई
- ✔ ड्युटीमा खटाइनु
- ✔ तालिम, ड्युटीमा खटाइनु, पोस्टिङ्ग, दिइने जिम्मेबारीको कारण अलग्गिनु पर्ने अवधि
- ✔ ठाउँ सराईले गर्दा अध्ययनमा रोकावट
- ✔ वर्षैभरी समय-समयमा एकबाट अर्को स्कूलमा सराई
- ✔ फिक्री अथवा चिन्ताको बढ्दो स्तर
- ✔ नयाँ स्कूलको वातावरणमा घुलिन-मिलिनु
- ✔ साथीहरू र दौँतरीहरूको समूहबाट बिछोडिनु
- ✔ नयाँ साथीहरू बनाउनु
- ✔ नयाँ शैक्षिक प्रणाली, भाषा र व्यवस्थालाई जानु।





## तपाईंले के गर्नु पर्ने आवश्यकता छ?

तपाईंले जतिसक्दो चाँडो स्कूललाई तपाईंको सराई, ड्युटीमा खटाई वा सेवा कर्तव्य बारे जानकारी दिनुभए उनीहरूले तपाईं र तपाईंको बच्चालाई सही सहायता प्रदान गर्न सक्छन्।

स्कूलसित सधैँ वार्तालाप जारी राख्नुहोस्।

**संक्रमणकालमा** बच्चाहरूको सिकाई र कल्याण माथि ठूलो प्रभाव पर्दछ र उनीहरू सिकाईको विभिन्न चरणहरूमा जाँदा आफ्ना बच्चाहरूलाई सहायता प्रदान गर्न मातापिताहरूलाई राम्रो जानकारी हुनु जरूरी हुन्छ। संक्रमणकालमा सामेल छन्- प्राथमिक स्कूलबाट नर्सरीमा सर्नु, प्राथमिकबाट माध्यमिक स्कूलमा सर्नु, उत्कृष्टताको पाठ्यक्रम (Curriculum for Excellence) को वरिष्ठ चरणमा सर्नु अनि स्कूलपछिको सिकाई, तालिम अथवा कार्य। **संक्रमणको स्थितिमा विद्यार्थीको सिकाई यात्रामा पुनै परिवर्तन पनि सामेल छ, उदाहरणार्थ जब विद्यार्थीले स्कूल परिवर्तन गर्दछ वा जब सिकाईमा रोकावट आउँछ।**
*स्कूल निर्देशन हाते-पुस्तिका (School Handbook Guidance, 2012)*

## स्कटल्यान्डमा शिक्षकहरूले के गर्नेछन्?

स्कटल्यान्डमा शिक्षकहरू र शिक्षा अधिकृतहरूले स्कटिश स्कूलहरूमा (नियमित, आरक्षित र भूतपूर्व सैनिकहरू) सशस्त्र सेना परिवारहरूका बच्चा एवं युवाहरूलाई सहायता गर्नका लागि आफ्नो अनुभव र ज्ञानलाई विकसित गर्न र साझा गर्न जारी राख्दछन्।

**स्कूलहरूमा राम्रो व्यवहारका उदाहरणहरू छन् जसले बच्चा एवं युवाहरूलाई सहायता प्रदान गर्दछ र तिनलाई राष्ट्रिय स्तरमा साझा गरिन्छ।** *हरेक बच्चाको लागि सही तरिका (Getting It Right for Every Child)* शैक्षिक संरचनाको प्रतिरूप *स्कटल्यान्डमा सशस्त्र सेना परिवारहरूका लागि सही तरिका (Getting It Right for Forces Families in Scotland)* प्रति वचनबद्धता छ।

**सशस्त्र सेना करार अन्तर्गत शिक्षाको निरन्तरता प्रति वचनबद्धता छ जसले सेना परिवारका बच्चाहरूलाई उनीहरूका मातापिताको सेवाको कारणले गर्दा हुने कुनै पनि नोक्सानी दूर गर्न चाहन्छ।**



## स्कूलहरूलाई जानकारी दिइँदा यसले कसरी अन्तर पार्न सक्छ?

स्काटिश स्कूलहरूमा बच्चाहरू र युवाहरूलाई सहायता प्रदान गर्नु एक समान छ चाहे उनीहरूका परिवारका सदस्यहरू सशस्त्र सेनामा सेवारत होउन् वा नहोउन्। बच्चाहरू त बच्चाहरू हुन्।

तर कहिलेकहीँ मातापिताको व्यवसाय/कार्य र पारिवारिक परिस्थितिहरूसित सम्बन्धित अनुभवहरूले गर्दा सुसूचित सहायता सर्वाधिक प्रभावशाली र मद्दतगार हुन्छ। **सशस्त्र सेना परिवारका बच्चाहरूको जीवनको अनुभव बेग्लै र अनौठा हुन सक्छन्। यो जानकारी राख्ने र सेना परिवारका मातापिताहरूसित मिलेर काम गर्ने स्कूलहरू उनीहरूका बच्चाहरूको शिक्षामा मद्दतगार हुन सक्छन्।**

स्कटिश स्कूलहरूसित व्यापक अनुभव छ र शिक्षकहरूले तपाईंको बच्चालाई दिइन सकिने र जुन समयावधिका लागि आवश्यक छ, त्यस्तो सर्वोत्तम सहायता बारे निर्णय गर्नमा मातापिताहरू/स्याहारकर्ताहरूसित साझेदारीमा काम गर्नेछन्।

## तपाईंको बच्चा सशस्त्र सेना परिवारको हिस्सा हो भनेर तपाईंले स्कूललाई कसरी जानकारी गराउन सक्नुहुन्छ?

**स्कूल दर्ता फारामहरूमा एउटा भाग हुन्छ जसमा तपाईंको बच्चा सशस्त्र सेना परिवारको हो भनेर जनाउन सक्नुहुन्छ। यो जानकारी दिनुभयो भने स्कूललाई जतिसक्दो राम्री तपाईंको बच्चालाई सहायता गर्नमा मद्दत पुग्नेछ।**